का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ चैत २०७८,
बुधबार
23 March 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ४६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मधेशको मत रिझाउने प्रयास



'अब जय मधेस भन्ने नै एमालेले हो । मधेसको जय गर्ने एमालेले हो । हुलाकी राजमार्ग, जिल्ला सदरमुकाम जोड्ने सडक, सुनकोसी मरिन डाइभर्सन र फुसका छाना हटाउने अभियानको सुरुआत मैले गरेको हुँ ।'

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



'मधेशीलाई हक अधिकार पुगेको छैन । मधेशलाई हक अधिकार दिनुपर्छ, संविधान परिमार्जन गर्नुपर्छ भनेर प्रस्ताव दर्ता गरेँ । तर, केपी ओलीले त्यो संशोधन प्रस्ताव पास गर्न दिएनन्'

**पुष्पकमल दाहाल प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र



'कम्युनिस्टलाई जिताउँदा के भयो जनताले बुझे । अझै जुधिरहेका छन् । यसकारण पनि हामीलाई मधेशको मात्रै होइन कतै समस्या छैन् । ढुक्कले जित्छौं ।'

**प्रकाश शरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

मुख्य राजनीतिक दलहरु मधेशको मत तान्न केन्द्रीत भएका छन् । मत तान्ने दलहरुको आ-आफ्नै तरिका छन् । कम्युनिस्टहरु आरोप-प्रत्यारोप गरेर र कांग्रेसले आन्तरिक विवाद मिलाएर मधेशको मत तान्न खोजिरहेको छ ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, ८ चैत ।

आसन्न स्थानीय तहको निर्वाचनमा केन्द्रीत भएका राजनीतिक दलहरु मधेशको मत तान्ने प्रयासमा लागेका छन् । ठूला राजनीतिक दलका शीर्ष नेताहरु मधेशबारे पार्टीको धारणा, विगतमा गरेको काम र अबको रणनीति बुझाउनमा केन्द्रीत भएका छन् । मंगलबार काठमाडौंमा भएको कार्यक्रमबाट प्रमुख विपक्षी दल नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले 'जय मधेश' भन्ने पार्टी एमाले मात्रै भएको जिकिर गरे ।

पार्टी प्रवेश कार्यक्रममा ओली अघि बोलेका नेता शिव पटेलले 'जय मधेश' भनेका थिए । त्यही शब्दलाई समाउँदै ओलीले भने, 'यहाँ शिव पटेलजीले एमाले प्रवेश गर्दै जय मधेस भन्ने बानी छ भन्नुभयो । अब जय मधेस भन्ने नै एमालेले हो । मधेसको जय गर्ने एमालेले हो ।' जय मधेश भन्ने एमाले हो भन्ने पुष्टि गर्न उनले आफुले मधेशमा विकास गरेको दाबी गरे ।

हुलाकी राजमार्ग, मधेसका जिल्ला सदरमुकाम जोड्ने सडक विस्तार तथा स्तरोन्नति, पूर्व पश्चिम राजमार्गको विस्तार, सुनकोसी मरिन डाइभर्सनको सुरुवात र फुसका छाना हटाउने अभियानको सुरुआत आफू नेतृत्वको सरकारले गरेको ओलीको जिकिर छ ।

आफु नेतृत्वको सरकार ढलेपछि मधेसको विकास रोकिएको भन्दै उनले मधेशको विकासका लागि फेरि एमाले सरकारमा जानुपर्ने र त्यसका लागि आसन्न निर्वाचनमा एमालेले बहुमत पाउनुपर्ने बताए । अध्यक्ष ओलीले केही समय आफ्नो विरुद्ध र एमालेलाई मधेस विरोधी भनेर भ्रम छरिए पनि त्यो भ्रम टुटेर गएको दाबी गर्दै मधेसबाट एमाले प्रवेशको लहर चलेको सुनाए ।

## प्रचण्डको काउण्टर

काठमाडौंबाट जय मधेश भन्ने एमाले भएको अध्यक्ष ओलीले जिकिर गरिरहँदा मंगलबार नै मधेश प्रदेशको जनकपुरबाट माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले काउण्टर जवाफ दिइरहेका थिए । आफु र आफ्नो पार्टी मधेशको अधिकारका लागि लडिरहेको, तर एमालेले रोकेको प्रचण्डको टिप्पणी छ । मधेशीलाई अधिकार सम्पन्न बनाउन दुई पटक प्रयास गरेको, तर एमाले अध्यक्ष ओलीले नमानेको प्रचण्डको आरोप छ । मधेशीलाई अधिकार दिनुपर्छ, मधेशलाई अधिकार सम्पन्न बनाउन पर्छ भनेर संविधान संशोधन प्रस्ताव दर्ता गर्ने प्रधानमन्त्री नेपालमा आफू मात्रै भएको भन्दै उनले मधेश मत तान्ने प्रयास जनकपुरबाट गरे ।

'मधेशीलाई हक अधिकार पुगेको छैन । मधेशलाई हक अधिकार दिनुपर्छ, संविधान परिमार्जन गर्नुपर्छ भनेर प्रस्ताव दर्ता गरे । तर, दुई तिहाईको बहुमत भएका ओलीले त्यो संशोधन प्रस्ताव पास गर्न दिएनन्' प्रचण्डले भने ।

जय मधेश भन्ने पार्टी एमाले हो भन्ने ओलीलाई प्रचण्डको

– बाँकी पृष्ठ २ मा

## पार्टी प्रवेशको होड

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ८ चैत ।

स्थानीय तहको चुनाव नजिकिएसँगै राजनीतिक दलका शीर्षस्थ नेताहरु अन्य दलका नेता तथा कार्यकर्ता तान्ने होडबाजीमा छन् । नेकपा एमालेका अध्यक्ष केपी ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल र जनता समाजवादीका शीर्षस्थ नेताहरु कार्यकर्ता तान्ने होडबाजीमै देखिएका हुन् ।

अध्यक्ष ओलीले मंगलबार नयाँ शक्तिमा लागेर निष्क्रिय रहेकी अभिनेत्री करिष्मा मानन्धर, पूर्वमन्त्री प्रेमबहादुर सिंह र माओवादी केन्द्रका नेता बावुराम कौशिकलाई एमालेमा प्रवेश गराए । 'देशको सीमा, सार्वभौमसत्ताको सुरक्षा हुन्छ भने स्वाधीनता, स्वतन्त्रता, लोकतन्त्र सुरक्षित हुन्छ भने व्यक्तिगत हितहरु असुरक्षित हुन्छन् भन्ने हुँदैन । र, कसैले पनि एमालेमा किन प्रवेश गरेँ भन्नुपर्दैन' ओलीले भने । एमालेमा लाग्नेहरु कहिल्यै असरक्षित नहुने भन्दै अध्यक्ष ओलीले आफ्नो दलमा आउन अन्य पार्टीका नेता

– बाँकी पृष्ठ २ मा

# पूर्णता नपाउँदै मन्त्रिपरिषद् पुनर्गठन !

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ८ चैत ।



प्रमुख सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठनको तयारी भइरहेको खुलाएका छन् । जनकपुर पुगेका प्रचण्ड पत्रकारहरुसँग मंगलबार मन्त्रिपरिषद् पुनर्गठनबारे कुरा चलेको बताएका हुन् ।

'मन्त्रालय हेरफेर हुने सम्भावना छ । केही नयाँ आउने सम्भावना छ', प्रचण्डले भनेका थिए । तर औपचारिक रुपमा टुंगिन भने बाँकी रहेको प्रचण्डले बताए । प्रचण्डले मन्त्रिपरिषद् हेरफेरको औपचारिक टुंगो लागेको बताएर मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल चलिरहेको संकेत दिए ।

'मन्त्रिपरिषदमा हेरफेरको कुरा चलेको छ । तर अहिलेसम्म औपचारिक रुपमा टुंगिएको छैन', प्रचण्डको भनाइ थियो । प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठन हुँदा माओवादी केन्द्रले पाउने मन्त्रालय संख्या बढ्नुपर्ने पनि बताए । 'प्रधानमन्त्रीले आफ्नो पार्टीको महाधिवेशनसम्म सहयोग गर्नुपर्‍यो भन्नु भएकै हो । माधवजीले म त भर्खर नयाँ पार्टी बनाएको मलाई साह्रै दुःख छ, मलाई सहयोग गर्नुपर्‍यो भनेपछि गठबन्धनमा माओवादीले नै सकेजति सहयोग गरेको छ', प्रचण्डले भने । तर कांग्रेसको महाधिवेशन सकिएको र माधव नेपालको पार्टी पनि बनिसकेकाले मन्त्रिपरिषद् पुनर्गठनमा माओवादीको भाग बढ्नुपर्ने उनको भनाइ थियो ।

२४ सदस्यीय मन्त्रिपरिषदमा माओवादी केन्द्रका राज्यसहित पाँच मन्त्री छन् । एकीकृत समाजवादीको पाँच, जनता समाजवादी पार्टी (जसपा) को चार मन्त्री छन् । बाँकी मन्त्री काँग्रेसका छन् । प्रधानमन्त्री शेरबहादुर देउवाले गएको २२ असोजमा मन्त्रिपरिषदलाई पूर्णता दिएका थिए । तर निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई छुट्याएको उद्योग मन्त्रालय भने तत्काल रिक्त भयो । जबराको भागबाट मन्त्री बनेका गजेन्द्रबहादुर हमालले ३६ घण्टा नबित्दै राजीनामा दिएका थिए ।

यसको अर्थ मन्त्रिपरिषदले पूर्णता नपाउँदै फेरि पुनर्गठनको छलफल शुरु भएको छ । गएको २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना गर्दै सर्वोच्च अदालतले देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परामादेश दिएको थियो । परमादेशपछि पाँच दलीय सत्ता गठबन्धनमा नियुक्त प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् पुनर्गठनबारे छलफल थालेको प्रचण्डले संकेत दिएका हुन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रोपटक प्रतिनिधिसभा विघटन गरेपछि त्यसविरुद्ध उभिएका प्रचण्डले मन्त्रिपरिषद पुनर्गठनमा मन्त्रालय संख्या थप हुनुपर्ने सार्वजनिक अभिव्यक्ति दिनुलाई समेत अर्थपूर्ण रुपमा हेरिएको छ । किनभने स्थानीय चुनाव नजिकिदा सत्ता गठबन्धनबीच ठोस् निर्णय हुन सकेको छैन । अझ काँग्रेस भन्दा १२ सिटले मात्रै सानो दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको अभिव्यक्तिले मन्त्रिपरिषद् पुनर्गठन मात्रै नभएर सत्ता गठबन्धनमा समेत संकट पर्ने देखिन्छ ।

## आचारसंहितामा अल्पकालीन आदेश

**काठमाडौं / मस–** सर्वोच्च अदालतले निर्वाचन आयोगको आचारसंहिता कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीश बमकुमार श्रेष्ठको एकल इजलासले बहालवाला जनप्रतिनिधिले पदबाट राजीनामा दिनुपर्ने आयोगको आचारसंहिता कार्यान्वयन नगर्न सर्वोच्चले अन्तरिम आदेश दिएको हो ।

आगामी वैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन बहालवाला जनप्रतिनिधिले राजीनामा दिनुपर्ने निर्वाचन आयोगको आचारसंहिता खारेजीको माग सहित सोमबार सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले रिट निवेदन दायर गरेका थिए ।

'दुवै पक्षसँगको छलफलबाट अन्तरिम आदेश जारी हुने वा नहुने विषयमा निर्णय नहुँदासम्म सुविधा र सन्तुलन तथा विषयवस्तुको गम्भीरताको दृष्टिबाट निवेदकले माग गरेको बमोजिम निर्वाचन आचारसंहिता, २०७८ को दफा ३६ कार्यान्वयन नगर्नु नगराउनू', सर्वोच्चको आदेशमा भनिएको छ । अदालतले दुवै पक्षलाई छलफलका लागि चैत १३ गते बोलाएको छ ।

आयोगले बनाएको आचारसंहिता गैरकानुनी भएको र केन्द्र तथा प्रदेशको हकमा नपर्ने, तर स्थानीय तहका प्रतिनिधिलाई मात्र लक्षित गरेर बनाइएको आचारसंहित गैरकाकानुनी भएको रिट निवेदनमा उल्लेख थियो । निर्वाचन आयोगले आगामी वैशाख ३० गते ७५३ वटै स्थानीय तहको निर्वाचन एकैपटक गर्ने तय गरेको छ ।

# कुवेत र फिलिपिन्सको झगडाले नेपाललाई लाभ

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ८ चैत ।

वैदेशिक रोजगारीका लागि कुवेत जान श्रम स्वीकृति लिनेको संख्या अघिल्लो महिनाभन्दा फागुनमा तीन गुणाले बढेको छ । बैदेशिक रोजगार बिभागका अनुसार संस्थागत रूपमा फागुनमा २४ हजार ९८ जनाको श्रम स्वीकृति लिएका थिए । त्यस मध्ये कुवेत जाने नेपाली कामदारको संख्या ३ हजार १ सय ५२ छ । यो संख्या मासिक रूपमा कुवेत जाने कामदारको संख्या केही बर्ष यताकै उच्च हो ।

कोरोना संक्रमण घटेको र फिलिपिन्सले आफ्नो नागरिक पठाउन रोक लगाएपछि कुवेत जाने संख्या बढेको नेपाली कामदार पठाउँदै आएका वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । कुवेतमा घरेलु र अन्य क्षेत्रमा फिलिपिनी कामदार पहिलो रोजगाईमा छन् । तर, फिलिपिन्सले कुवेत जान आफ्ना नागरिक

वैदेशिक रोजगार विशेष

प्रतिवन्ध लगाएपछि कुवेतीहरूले नेपाली कामदार विकल्पमा राखेको देखिएको छ । 'नेपाली कामदार भाषा, सीप र दक्षताका हिसाबले फिलिपिनी कामदारको बराबर मानिदैनन् ।

तर, फिलिपिन्सका कामदार रोकिएका कारण अनुहार र हाउभाउ करीब करीब मिल्दोजुल्दो भएका नेपाली कामदार यतिबेला कुवेती रोजगारदाताको छनोटमा परेको देखिएको छ', उक्त मुलुकमा कामदार पठाउँदै आएका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान सचिव मेघनाथ भुर्तेल भन्छन् ।

फिलिपिन्सले कुवेतमा कामदार पठाउन प्रतिबन्ध लगाएका कारणले क्रिसमसको बिदामा घर आएका हजारौं फिलिपिनो अर्ध-दक्ष कामदारहरू कुवेत फर्किन पाएका छैनन् । कुवेतमा मृत्यु भएकी जीनेलिन भिल्लाभेन्डे नामकी घरेलु कामदारको पोस्टमार्टम उचित प्रकृया र सावधानीसाथ नगरिएको कारण मृत्युको कारण फरक परेको फिलिपिन्सको दावी छ ।

उनीमाथि भारी मात्रामा यातना मात्र दिएको नभएर यौन दुर्व्यवहार पनि भएको, तर कुवेती स्वास्थ्य मन्त्रालयले त्यसलाई फरक पारेको फिलिपिन्सको भनाइ छ । कामदारको मृत्यु र पोष्टमार्टम रिपोर्टमा गलत गरिएको कारणले आफ्ना देशबाट रोजगारीका जाने कामदारको आत्मसम्मानमा चोट पुगेको फिलिपिन्सको भनाइ छ ।


## कर्मचारी आवश्यकता



यस म्यानपावर कार्यालयको लागि निम्न लिखित कर्मचारी आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

Reception (Female) - 2
Document Section (Female) - 4
Documentation Manager (Male) - 2
Office Secretary (Female) - 2

तलब: आपसी समझदारीमा

मेनपावर फिल्ड्मा २ बर्स भन्दा माथी अनुभव भएकालाई बिशेश प्राथमिकता दिइनेछ।

**Kankai Recruitment Suppliers Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal. Tel: 01-4954490
Mobile : 9851003485 Email: shivacentury2@gmail.com

## UAE मा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी: ELITE FORCE PROPERTY GUARD & SURVEILLANCE SERVICES** — शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/११/२५ | चलानी नं.: ६०१७५६६४ | L.T. No.: 257994 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1200 | ३९,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 1200 र Overtime Allowance AED 600 सहित AED 1800 भन्दा माथि कमाउन सकिनेछ ।

**२. कम्पनी: ALWAHA ALZARQAA LIFEGUARD SERVICES CO.** — शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/११/०४ | चलानी नं.: ६०१७४६२७ | L.T. No.: 257999 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Customer Service Clerk | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५९,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Follow Up Clerk | 0 | 1 | | 1800 | ५९,५४४ | | | | | | | |
| 3. | Information Clerk | 1 | 0 | | 1800 | ५९,५४४ | | | | | | | |
| 4. | Life Guard | 7 | 0 | | 1200 | ३९,६९६ | | | | | | | |
| 5. | Marketing Manager | 0 | 1 | | 3000 | ९९,२४० | | | | | | | |
| 6. | Receptionist | 4 | 0 | | 2000 | ६६,१६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत १३ र १४ गते (27 & 28 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ALETQAN NEPAL PVT. LTD.**
Govt. Lic. No. 313/059/060
G.P.O. Box No: 19970, New Baneshwor (Opp. Hams Hospital), Kathmandu, Nepal.
Tel.: 01479258301, 4784551 Mob.: 9851017677, 9810143870, 9819152324, 9810143743
Email: aletqannepal313@gmail.com

यसै कम्पनीको लागि एक जना PRO चाहिएको हुँदा इच्छुक व्यक्तिले आफ्नो बायोडाटा सहित यस कार्यालयमा सम्पर्क गर्नुहोला ।
सम्पर्क : 9851017677

# जनयुद्धका घाइतेको स्वास्थ्योपचारको प्रबन्ध मिलाउन ध्यानाकर्षण

**काठमाडौं/मस**–नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनयुद्धका घाइते तथा अपाङ्गता भएका व्यक्तिको उचित स्वास्थ्योपचारको प्रबन्ध मिलाउन सरकारको ध्यानाकर्षण गराएका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा आज प्रधानमन्त्री शेरबहादुर देउवासँग छलफल गरी उनले घाइते/अपाङ्ग योद्धाका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए।



अध्यक्ष दाहालले जनयुद्धमा घाइते भई अपाङ्गता भएका व्यक्तिको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि-२०७४ लाई संशोधन र घाइते भई अपाङ्गता भएका व्यक्तिको लगत संकलन कार्यदलमा सूचीकृत हुन छुटेका घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई सूचीकृत गर्न आग्रह गरे।

उनले जनयुद्धका क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिलाई सुविधासहित गणतान्त्रिक सेनानीको परिचयपत्र र सम्मानपत्र दिन, जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, जनजाति आन्दोलनलगायत प्रगतिशील आन्दोलनमा शहीद भएकाको परिवारलाई मासिक जीवन निर्वाह भत्ता उपलब्ध गराउने पूरक बजेटको व्यवस्थालाई कार्यविधि बनाई यथाशीघ्र कार्यान्वयन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराए।

अध्यक्ष दाहालले जनयुद्धका क्रममा जेल जीवनयापन गरी यातना पीडित भएका व्यक्तिलाई सम्मान पत्रसहित राहत उपलब्ध गराउन पनि आग्रह गरे।

सो क्रममा प्रधानमन्त्रीले जनयुद्धका शहीद तथा बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन शान्ति प्रक्रियाकै अभिन्न अङ्ग हुनाका साथै राज्यको कर्तव्य भएको उल्लेख गर्दै उक्त समस्या समाधान गर्न सरकार सकारात्मक रहेको बताएका अध्यक्ष दाहालको सचिवालयले जनाएको छ।

यसअघि अध्यक्ष दाहालले मंगलबार बिहान वीरअस्पतालमा पुगी काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिका-६ का पूर्वजनमुक्ति सेनाका सेक्सन कमाण्डर भक्त रानालाई भेट गरी उनको स्वास्थ्य अवस्थाको जानकारी लिएका थिए।

मकवानपुरको भुरभुरेमा भएको दोहोरो भिडन्तमा उनी घाइते भएका थिए। शान्ति प्रक्रियापछि राना वाइसिएलको जिम्मवारीमा रहेका थिए।

भीडन्तका क्रममा टाउकामा लागेको चोट बल्भिmएपछि उनको खुट्टामा इन्फेक्सन देखिएको र त्यसका कारण दुवै खुट्टा शल्यक्रिया गरेर फाल्नुपरेको अस्पतालले जनाएको छ। भेटका क्रममा अध्यक्ष दाहालले आगामी दिनमा पार्टी र सरकारका तर्फबाट उपचारका पहल तथा व्यवस्थामा कुनै कमी हुन नदिने, सात वर्षको बच्चाको पढाइ र पत्नीको रोजगारीका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

उनले वीरअस्पतालमा उपचाररत अन्य बिरामीको स्वास्थ्योवस्थाका बारेमा पनि जानकारी लिएका थियो। अस्पतालमा उपचाररत गोरखा फुजेलका तिलराम देवकोटा (शहीद परिवार) लगायत अन्य बिरामीसँग भेट गरेका थिए।

## मधेशको ...

काउण्टर जवाफ छ, 'मधेश विरोधी, गणतन्त्र विरोधी, संघीयता विरोधी, समावेशी समानुपातिक विरोधी ओली आफूलाई मधेशको मसिहा ठान्छन्।' नेताद्वय महन्थ ठाकुर र राजेन्द्र महतोको पनि प्रचण्डले आलोचना गरे।

'मधेशलाई धोका दिनेसँग साँठगाँठ गर्ने महन्थ र राजेन्द्र के मधेशका नेता हुन? रामराजाप्रसाद सिंहलाई राष्ट्रपति बनाउन भनेर प्रस्ताव गर्दा विरोध गर्नेहरु के मधेशी हुन?', प्रचण्डको प्रश्न छ।

### कांग्रेसको आफ्नै शैली

कम्युनिस्ट पार्टीहरु मधेशको मत तान्न एक अर्कोलाई आरोप प्रत्यारोप गरिरहेका बेला कांग्रेस भने चुप लागेरै मधेशको मत तान्ने प्रयासमा छ। बरु कांग्रेस आन्तरिक द्वन्द्व समाधानमा केन्द्रीत भएर पार्टीमा विवाद नरहेको देखाउने प्रयासमा छ। कांग्रेसका प्रवक्ता प्रकाश शरण महत मध्यान्नसंग भन्छन्, 'विगतमा कम्युनिस्टलाई जिताउँदा के भयो जनताले बुझेका छन्। अहिले पनि जुसधिरहेकाले हामीलाई मधेशमात्रै होइन कतै पनि समस्या छैन्। ढुक्कले जित्छौं।'

कांग्रेस बाहेक अन्य दलहरु पनि चुनावी रणनीतिमा छन्। एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी (जसपा) लोकतान्त्रिक समाजवादी पाटी, सिके राउत नेतृत्वको जनमत पार्टी मधेश प्रदेश केन्द्रीत पार्टीहरु हुन्। यी दलहरु पनि मधेशको पार्टी र मधेशको मुद्दा कसले उठाएको भनी जनतालाई आफुतिर तान्ने प्रयासमा छन्।

## पार्टी...

कार्यकर्तालाइ पनि अपील गरे। 'आगामी चुनावमा हामी बहुमत ल्याउँछौं र बहुमत ल्याउनुपर्छ यस देशका लागि। हामीले बहुमत ल्याउनुपर्छ, साथीहरु बहुमत ल्याउनेगरी लाग्नुस्' ओलीले दाबीका साथ सबैमा अपील गरे।

कांग्रेसका सभापति देउवा लगायत अन्य शीर्षस्थ नेताहरु पनि देशब्यापी कार्यक्रम गर्दै अन्य पार्टीका नेता कार्यकर्ता तान्ने होडबाजीमा देखिएका छन्। 'देशमा लोकतान्त्रिक प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेस मात्रै हो। तसर्थ, हामी अन्य दलका नेता कार्यकर्तालाई पनि हार्दिक स्वागत भन्न चाहान्छौ,' एक कार्यक्रम बीच सभापति देउवाले भने।

माओवादी केन्द्रका अध्यक्ष दाहाल पनि देशब्यापी दौडमा लागेका छन्। अन्य पार्टीका नेता कार्यकर्तालाई आफ्नो पार्टीमा आउन अपील गर्दै देश र जनताको पार्टी आफ्नो भएको दाबी गरिरहेका छन्। केही समयअघि सिन्धुपाल्चोकबाट विभिन्न पार्टी परित्याग गरि आएका नेताकार्यकर्तालाई प्रचण्डले स्वागत गरेका थिए। हरेक कार्यक्रममा पुगेर माओवादीसँग तालमेल गर्न हरेक पार्टीलाई आह्वान गरिरहेका छन्।

एकीकृत समाजवादीका अध्यक्ष नेपाल पनि यतिबेला देशब्यापी दौडमा छन्। मंगलबार मात्रै उनी नुवाकोट पुगेर नेता कार्यकर्ता पार्टीमा प्रवेश गराएका छन्। सिन्धुपाल्चोकका वडाध्यक्ष, रामेछापका नेता, दोलखाका धामी, गोर्खाका गुरुङ्गहरुलाई उनले केही दिनअघि मात्रै पार्टी प्रवेश गराएका छन्। अग्रगमन चाहने र देशभक्तहरुलाई पार्टीमा स्थान दिइने भन्दै पार्टीमा समाहित हुन धेरैलाई आह्वान पनि गरिरहेका छन्।

जसपाका अध्यक्ष उपेन्द्र यादव पनि अन्य दलका नेताकार्यकर्ता आफ्नो पक्षमा तान्ने होडबाजीमै देखिन्छन्। उनी पनि विभिन्न औपचारिक कार्यक्रममा पुगेर नेता कार्यकर्तालाई आफ्नो दलमा आउन आवह्न गरिरहेका छन्। राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्गदेन पनि देशब्यापी दौडाहामा देखिन्छन्।

अन्य दलमा लागेका नेताकार्यकर्तालाई आफूतिर आकर्षित गरी चुनाव जित्ने होडबाजीमा उनी पनि देखिन्छन्। कार्यकर्ता आकर्षित गर्न जस्तासुकै नारा दिएपनि जनता भने दलका कामकारवाहीप्रति रुष्ट छन्। चुनाव जित्ने होडबाजीमा कार्यकर्ता तान्न लागिपरेका दलको हैसियत भने चुनावी परिणामले नै देखाउँनेछ।


## साइप्रसमा रोजगारको अवसर

कम्पनी : ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306 शहर: CYPRUS, NICOSIA
पूर्व स्वीकृत मिति: २०७८/१२/०८ चलानी नं.: ६०१७६३८४ LT. No.: 260100

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 309 | ४१,४८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत १६ गते (30 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**Link International Placement Service Pvt.ltd.**
ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## साउदीमा रोजगार

कम्पनी: FUTURE LINK INTERNATIONAL PVT. LTD. शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७८/१२/०८ चलानी नं.: ६०१७६३८५ L.T. No.: 259673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dyeing Prepareror | 1 | 0 | स. काममा दक्ष | 1500 | ४८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १६ गते (30 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

FutureLink Connect to your future...
Gov. Lic. No. 839/066/067
**Future Link International Pvt. Ltd.**
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com


## जानकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

खजुराखुर्द, बाँके, लुम्बिनी प्रदेश, नेपाल

### निर्माण कार्य सुचारु गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०७८/१२/०९

जानकी गाउँपालिका र तपाईहरु बीच बिभिन्न मितिमा भएको सम्झौता अनुसार देहाय बमोजिमको सडक निर्माण सम्बन्धी कार्य हालसम्म शुरु नगरेको तथा बीचमा निर्माण कार्य रोकेको हुदा यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३ दिन भित्र (बाटो म्याद बाहेक) यस कार्यलयमा सम्पर्क गरि कार्य प्रारम्भ गर्नु हुन् जानकारी गराईन्छ। अन्यथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम खरिद सम्झौताको अन्त्य र सोको उपचार सम्बन्धी व्यवस्था अनुसार कानुनी कारबाही अगाडी बढाउने व्योहोरा समेत सूचित गरिन्छ।

| सि.न. | फर्मको नाम र ठेगाना | कार्य र ठेक्का न. | सम्झौता मिति | कार्य सुरु गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| १ | श्री कालिगण्डकी निर्माण सेवा, नेपालगंज -१३, बाँके | पानस अगाडी सुर्खेत रोड देखि भाटनपुर सम्म सडक कालोपत्रे (JANAKI/W/ROAD/NCB-26/078/79) | २०७८/१०/१७ | २०७८/१०/२० |
| २ | श्री के. आर. कन्स्ट्रक्सन, कोहलपुर -१०, बाँके | बढैया देखि जोगा गाउँ सडक कालो पत्रे (JANAKI/W/ROAD/NCB-09/78/79) | २०७८/०९/१९ | २०७८/१०/१० |

प्रमुख प्रशासकिय अधिकृत

## भीमफेदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०७८।१२।०९

यस गाउँपालिकाबाट मिति २०७८।१०।०६ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएकोमा उक्त कार्यको लागि निर्धारित समयभित्र E–bid मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक मूल्यांकनबाट सफल भई आर्थिक प्रस्ताव मिति २०७८।१२।०१ गतेका दिन खोलिएको आर्थिक प्रस्तावमा तपशिल बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित र सारभुत रुपमा प्रभावग्राहि पाईएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ को प्रयोजनार्थ उक्त ऐनकै दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | फर्मको नाम, ठेगाना | कुल मुल्यांकित रकम रु. (भ्याट र PS समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | BRMMK/CRDRR2/13/2078/079 | Construction of Rani Khola Dhami Danda Rani Bhanjyang Rural Road. | Swachhanda/Ayushree J. V | २,४८,०९,२५९।१६ (दुई करोड अड्चालिस लाख नौ हजार दुई सय उनान्साठी रुपैया सोह्र पैसा मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत


## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी: MAYIASOVA SERVICES LTD शहर: CYPRUS
पूर्व स्वीकृत मिति: २०७८/१२/०८ चलानी नं.: ६०१७६३५७ LT. No.: 260141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ४२,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १६ गते (30 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
सुबिधानगर, तिनकुने-३२, काठमाडौं, नेपाल, फोन: ५१९२०२८, ४१११६४४
श्रम इजाजत नं. ९४७/०६७/०६८
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com.np



## मलेशियामा रोजगार

कम्पनी: BUMIMAS PROTECTION SDN. BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७८/१२/०८ चलानी नं.: ६०१५०८९७ LT. No.: 232130

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 20 | 0 | स. काममा दक्ष | 1200 | ३४,८८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत १६ गते (30 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**J.S.N. International Pvt. Ltd.**
श्रम इजाजत नं. १२१४/०७३/०७४
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np


## Madi Municipality
## Office of The Municipal Executive

Madi, Sankhuwasabha
Province No. 1, Nepal

### Invitation for Sealed Quotation

**Date of First Publication : 2078/12/09**

1. Madi Municipality invites sealed quotations from registered firm/company for Fabrication & Transportation of Steel Parts of Suspended Bridge , Contract No:- MM/W/SQ/10/078-79 & MM/W/SQ/11/078-79.
2. Eligible Bidders may obtain further information at Madi Municipality Office, Madi, Sankhuwasabha during office hours or may visit E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal no later than 2078/12/23. Bidder should deposit the cost of bidding document NRs.1,000.00 each project (non-refundable) in the Municipality's Rajaswa (revenue) account no either by direct deposit or by Tele-transfer of deposit in the Municipality Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher or Tele-transfer certificate shall also be submitted along with the electronic bid files.
4. Information to deposit the cost of bidding document in Bank:-
   Name of the Bank :- **Himalayan Bank Ltd, Madi Branch** Name of office :- **Madi Municipality, Madi, Sankhuwasabha**
   Kosh Account no. :- **06007632080084 (for bid document purchase)** Dharauti Account no. :- **06007632080034 (for bid security Amount)**
5. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp. as specified in the Instruction to Bidders on or before 12:00 hrs on 2078/12/24. Late bid will be rejected. Bids shall be opened at 14:00 hours on the same day of bid submit in the presence of the bidders or their representatives who choose to attend.
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 40,000.00 each project issued by "A" class commercial bank, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.

**Details Of Works**

| S.N. | Sealed Quotation No. | Name of Project | Location | Estimated Cost Including AT (NRs.) |
|---|---|---|---|---|
| 1 | MM/W/SQ/10/078 -79 | Construction of Senior Citizen Meeting Center and Unity Pillar | Madi Municipality, Ward no : 4, Sankhuwasabha | NRs. 13,89,162.74 |
| 2. | MM/W/SQ/11/078 -79 | Construction of View Tower Finishing Work | Madi Municipality, Ward no :4, Sankhuwasabha | NRs. 14,56,832.39 |

**Chief Administrative Officer**

## मलद्वारभित्र सुन



**काठमाडौं/मस-** त्रिभुवन विमानस्थलबाट मलद्वारभित्र सुन लुकाएर ल्याउने एक भारतीय नागरिक पक्राउ परेका छन् ।

विशेष सूचनाका पाएपछि त्रिभुवन विमानस्थल सुरक्षा कार्यालय प्रहरीले अनुसन्धान गर्दा सुन मलद्वारमा लुकाएर ल्याएको पाइएपछि उनलाई शौच गर्न लगाएर सुन निकालिएको विमानस्थल सुरक्षा कार्यालयका प्रमुख भीमप्रसाद ढकालले जानकारी दिए ।

ढकालका अनुसार सुन लुकाएर ल्याउने भारतीय नागरिक ३८ वर्षीय शुभम मेहरा रहेको बताए । उनले एक हजार २६८ ग्राम सुन लुकाएर ल्याएका थिए ।

उक्त सुन मंगलबारको मूल्य अनुसार एक करोड आठ लाख ४९ हजार रहेको जनाइएको छ । नेपाल एयरलाइन्सको उडानद्वारा दुबईबाट काठमाडौं आएका उनको गतिविधि शंकास्पद देखिएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट नियन्त्रणमा लिइएको थियो ।

हरियो रङको टेपले बेरिएको प्लाष्टिकभित्र बेलनाकार बनाइ ल्याइएको दुई थान अर्धठोस सुनको पोका बरामद गरिएको प्रहरीले जनाएको छ । उनलाई आवश्यक अनुसन्धानका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय बुझाइएको प्रहरीले जनाएको छ ।

## फोहर व्यवस्थापन हुन एक साता लाग्ने

काठमाडबौं/मस-काठमाडौं उपत्यकाको सडक चोकचोकमा थुप्रिएको फोहरको व्यवस्थापन हुन एक साता लाग्ने बताइएको छ ।

चैत महिना लागेसँगै उपत्यकाको सडक छेउछाउमा थुपारिएको फोहर चार दिनदेखि व्यवस्थापन गर्न थालिएको छ। चैत महिनामा चार दिन र गत फागुनमा २३ दिन विभिन्न वहानामा फोहर व्यवस्थापन हुन सकेन । लामो समयदेखि फोहर रोकिएको हुनाले नियमितरुपमा व्यवस्थापन कार्य हुँदा पनि एक साता लाग्ने कामपा वातावरण विभागका प्रमुख सरिता राईले जानकारी गराइन् ।

उनले भनिन्, 'घरबाट फोहर बाहिर निकाल्दैमा फोहरको व्यवस्थापन हुँदैन, सडकमा जथाभावी फोहर हुनु भनेको पनि थप समस्या हुनु हो । फोहरको गाडी लिन आएपछि मात्रै घरबाट फोहर निकालेर व्यस्थापन गर्नु सहज हुन्छ ।'

फोहर व्यवस्थापन गरिँदै आएको स्थान सिसडोलका स्थानीयले फोहर विसर्जन गर्ने ठाउँ नुवाकोटको सिसडोलसम्मको बाटो कालोपत्र गर्नुपर्ने माग गर्दै स्थानीयवासीले गरेको आन्दोलनका कारण फागुन १ गतेदेखि उपत्यकाको फोहर उठ्न सकेको थिएन ।

त्यसैगरी पछिल्लो समय निर्माणाधीन बञ्चरेडाँडाका स्थानीयले निर्माणस्थल वरपरका जग्गा अधिग्रहण गर्नुपर्ने, स्थानीयलाई निःशुल्क स्वास्थ्योपचार गराउनुपर्नेजस्ता माग राखेका छन् । सहरी विकास मन्त्रालयले निर्माणाधीन दीर्घकालीन फोहर व्यवस्थापनस्थलमा पहिलो सेलको काम सम्पन्न भएको भन्दै फोहर राख्न मिल्ने जनाएको छ ।

हाल फोहर व्यवस्थापनस्थल सिसडोल भरिएको र निर्माणाधीनस्थलमा पनि फोहर राख्न सुरु गर्नु पूर्वनै स्थानीयको अवरोधले काठमाडौं उपत्यकाको फोहर व्यवस्थापनमा थप समस्या हुने देखिएको कामपाको भनाइ छ। उपत्यकामा दैनिक एक हजारदेखि एक हजार २०० टनसम्म फोहर निस्कने गरेको छ। उपत्यकाका १८ स्थानीय तहको फोहर सिसडोलमा व्यवस्थापन गरिँदै आएको छ ।

# हातहतियार बुझाउन प्रशासनको आग्रह

**झापा/मस-** जिल्ला प्रशासन कार्यालय झापाले जिल्लाभित्रै इजाजत प्राप्त गरी विभिन्न व्यक्तिको नाममा रहेका हातहतियार बुझाउन आग्रह गरेको छ ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित तबरबाट सम्पन्न गर्नका लागि सो हातहतियार नजिकको प्रहरी एकाइमार्फत जिल्ला प्रहरी कार्यालयमा बुझाउन मंगलबार सूचना जारी गरिएको हो । सहायक प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले सूचना जारी भएको १५ दिनभित्रमा सबैले आफूसँग भएका हातहतियार बुझाउन आग्रह गरे । उनले सो हातहतियार निर्वाचन सम्पन्न भए पश्चात सम्बन्धित व्यक्तिलाई नै फिर्ता गरिने जानकारी दिए ।




## नेपालगन्ज उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नेपालगन्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### कम्प्युटर र प्रिन्टर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः– २०७८/१२/०९**

यस कार्यालयबाट मिति २०७८/११/०८ गते बिद्युतीय खरिद प्रणाली र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कम्प्युटर तथा प्रिन्टर खरिद सम्बन्धी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना प्रकाशित भए अनुसार दर्ता भएका दरभाउपत्रहरु मध्ये मूल्याङ्कन समितिको निर्णयानुसार तपसिल बमोजिमको दरभाउपत्र सारभूत रुपमा स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र नेपालगन्ज उप-महानगरपालिकाको सार्वजिक खरिद नियमावली, २०७६ को नियम ९४ (१३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिन सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सूचना नं. | दरभाउदाताको नाम | बिवरण | कबोल अंक रु. (मु.अ.क. समेत) |
|---|---|---|---|
| NSMC/SQ/G03/078/79 | सिल्क रोड इन्भेष्टमेन्ट एण्ड ट्रेडिङ्ग प्रा.लि., काठमाडौं २२, टेवाहाल | कम्प्युटर र प्रिन्टर खरिद | ११,४२,४९९.९० |

**प्रमूख प्रशासकीय अधिकृत**



## Invitation for Quotations

**Dolpo Buddha Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Karnali Province, Dolpa**

**Invitation for Quotations for the Construction Works Under Below Mentioned Contracts**

***Date of publication : 23-03-2022 (2078-12-09 BS)***

1. **Dolpo Buddha Rural Municipality, office Of Rural Municipal Executive, Dolpa, Karnali Province, Nepal** invites sealed quotations from Nepalese eligible bidders for the construction of following works.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Warm Class Room Construction Works | DBRM/DOLPA/WORKS/SQ/03-078/079 | NRS. 17,08,552.87/- | 50,000/- | Bidding Document Fee NRs 1,000/- |
| 2 | Tinje Farm Boundary Construction Work | DBRM/DOLPA/WORKS/SQ/04-078/079 | NRS. 17,08,886.66/- | 50,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **office Of Rural Municipal Executive, Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal**
3. A complete set of Bidding Documents may be purchased from the **office Of Rural Municipal Executive, Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal** by eligible Bidders during office hours. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the Bank deposit voucher shall submit by the bidder at the time of submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : **Rastriya Banijya Bank Ltd.**
   **Name of Office** : **Dolpo Buddha Rural Municipality, Dolpa**
   **Office Account no.** : **4540100301010002** **Rajaswa (revenue) Shirshak no. : 14229**
4. Sealed bids must be submitted to **office Of Rural Municipal Executive, Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal** on or before 12:00 on 07-04-2022(2078-12-24 BS). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 07-04-2022 (2078-12-24 BS) 14:00 at the **office Of Rural Municipal Executive, Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal.**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
### संघीय सडक सूपरिवेक्षण तथा अनूगमन कार्यालय, काठमाडौं
सडक डिभिजन काठमाडौं

### आर्थिक प्रस्ताव खोल्ने सम्वन्धि सूचना

**(प्रकाशित मिति २०७८/१२/०९)**

यस डिभिजनको मिति २०७८/०९/०९ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सुचना नं. ८/२०७८/७९ को वोलपत्र आव्हान सूचना अनुसार तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका वोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ४ वमोजिम सारभुत रुपमा प्रभावग्राही भएका तपसिल वमोजिमका सफल वोलपत्रदाताको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१(ङ)को उपनियम छ अनूसार मिति २०७८/१२/१६ गते दिनको १:०० वजे यस डिभिजनमा खोलिने भएकोले सफल वोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयमा यस डिभिजनमा उपस्थितिको लागि समेत यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं., कार्य विवरण | सफल वोलपत्रदाता |
|---|---|
| **RDKTM/337310113/078/79/035;** Periodic maintenance of Tripureshwor Kalanki (Ringroad) | • Bandan Bhagawati Nirman Sewa Pvt. Ltd.<br>• Samanantar Nirman Sewa Pvt. Ltd.<br>• Shanti Infrastructure Pvt. Ltd.<br>• Jalukeni/ Sushan J/V<br>• P.R. Infrastructure Pvt. Ltd. |
| **RDKTM/337310113/078/79/036;** Periodic maintenance of Sinamanagal Dillibazar Bhotahiti Road | • Bandan Bhagawati Nirman Sewa Pvt. Ltd.<br>• Samanantar Nirman Sewa Pvt. Ltd.<br>• P.R. Infrastructure Pvt. Ltd.<br>• Jalukeni/ Sushan/ Uma J/V |
| **RDKTM/337310113/078/79/037;** Periodic maintenance of Jadibuti Sinamangal Pepsicola Road | • Saptapath/ Samjhana J/V<br>• Bandan Bhagawati Nirman Sewa Pvt. Ltd.<br>• Jalukeni/ Sushan J/V<br>• Samanantar Nirman Sewa Pvt. Ltd.<br>• P.R. Infrastructure Pvt. Ltd. |

डिभिजन प्रमुख



## साउदीमा रोजगार
१. कम्पनी : MEDIUM HUMMUS CAFE TO SERVE DRINKS
शहर: Al HASA

पूर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४५२३ LT. No.: 257910 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker And More | 3 | 0 | स. काममा दक्ष | 1500 | ४८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## कुवेतमा वैदेशिक रोजगारको अवसर
२. कम्पनी : MAGIC SUITE CO. FOR FURNISHED APARTMENTS. शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७८/११/२६ चलानी नं.: ६०१७५७३३ LT. No.:258727 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Cleaner Worker | 5 | 6 | सम्बन्धित काममा दक्ष | 100 | ३९,९८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | hotel Receptionist | 5 | 0 | | 150 | ५९,९७१ | | | | | | | |

